## मिति २०८२/०७/२४ गते जिल्ला व्यवस्थापन समिति कपिलवस्तुको बैठकका निर्णयहरू :

१. यस अघिका बैठकका निर्णयहरुको समिक्षा गरियो ।

२. यसवर्ष चिसो मौसमको शुरुवात भईसकेको र अत्याधिक शीतलहरका कारण जनजीवन प्रभावित हुनसक्ने अवस्थालाई मध्यनजर गरी सो को न्यूनीकरण गर्ने उद्देश्यले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल रेडक्रस सोसाईटी र जिल्ला समन्वय समितिको प्रतिनिधि सम्मिलित कार्यदलले शीतलहर आकस्मिक कार्ययोजना, २०८२ को मस्यौदा तयार गरी आगामी बैठकमा पेस गर्ने ।

३. शीतलहरको सम्भावित प्रकोपलाई मध्यनजर गरी तत्काल निम्न तयारी गर्ने ।

- स्थानीय तहहरुले समयमै गरीब घर परिवार संख्याको पहिचान तथा यकिन गर्ने ।
- पालिकाहरुमा रहेका स्थानीय विपद् व्यवस्थापन समितिलाई थप सकृय र सक्षम बनाउने, फोकल पर्सनहरु नियमित सम्पर्क/सम्बादमा रहने र जिल्ला फोकल पर्सनसँग समन्वयमा रही विपद अगावै कार्ययोजना तयार गरी तयारी अवस्थामा बस्ने ।
- वन डढेलो र आगलागीका सम्भावित घटनाका कारण हुन सक्ने धनजनको क्षतिलाई मध्यनजर गरी समयमै पूर्वतयारी तथा प्रतिकार्य योजना एवं सचेतना कार्यक्रम सहित क्षति न्यूनिकरणका लागि डिभिजन वन कार्यालयहरू र स्थानीय तहहरूले समन्वयात्मक रूपमा कार्य गर्ने ।
- स्वास्थ्य कार्यालय कपिलवस्तुले चिसो र मौसमी रोग (रुघाखोकी, निमोनिया, डेँगु आदी) नियन्त्रणका लागि सचेतनामुलक कार्यक्रम गर्ने र स्वास्थ्य संस्थाहरुमा औषधी र चिकित्सकहरू तयारी अवस्थामा राख्ने गरी आवश्यक व्यवस्था मिलाउने ।
- संचार क्षेत्रले स्थानीय संचार माध्यमबाट आगलागी र मौसमी रोग सम्बन्धी सूचना नियमित प्रसारण गर्ने ।
- उद्योग वाणिज्य संघ लगायतका संघ/संस्थाहरूले सामाजिक उत्तरदायित्व अन्तर्गत विपदको समयमा राहत तथा उद्धारको कार्यमा सहजिकरण गर्ने ।
- सुरक्षा संयन्त्र सकृय भई विपदको समयमा तत्काल उद्धार र राहतमा खटिने ।
- सबै स्थानीय तहहरुले आफ्नो तयारी अवस्थाको प्रतिवेदन आगामी ७ दिन भित्र जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
- सबै स्थानीय तहहरूले आगलागी जोखिम न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रम संचालन गर्ने, दमकल र एम्बुलेन्स सधै तयारी अवस्थामा राख्ने र गाउँ स्तरमा स्थानीय स्वयंसेवक टोली गठन गरी आगलागी नियन्त्रणका लागि आवश्यक उपकरणहरु (जस्तै बाल्टिन, बालुवा, म्याट, आगो निभाउने यन्त्र आदी) तयारी अवस्थामा राख्ने ।
- जिल्लामा देखा परिरहेको लम्पीस्कीन लगायत पशुजन्य रोगको नियन्त्रणकालागी भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रलाई निर्देशन दिने ।

४. शिवराज न.पा. वडा नं. २ हल्लानगरस्थित वालापुर सुन्दरीडाँडा सडकखण्डको सुरही खोला नदीको पुल र वडा नं. १ को शिवपुर देखि वानियाभार सडकखण्डको सुरहीखोला स्थित पुल क्षेत्रमा नदीजन्य पदार्थ डम्पिङ हुँदा पुलको साईडवाट कटानको कारणले वर्षेनी पुल जोखिममा परिरहेको हुँदा प्राविधिक प्रतिवेदनको आधारमा नदीजन्य पदार्थको व्यवस्थापन गर्नुपर्ने भएकोले दुवै पुल संरक्षण गर्न ढुङ्गा, गिट्टी, वालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ बमोजिम जिल्ला अनुगमन समितिले अनुगमन गर्ने ।

५. जिल्लाको महाराजगंज न.पा. वडा नं. १० हरदौनामा वाणगंगा नदीले वर्षेनी कटानी गर्दा वर्षा याममा बस्ती नै विस्थापित हुने खतरा भएकोले वर्षा याम अगावै रोकथामका लागि आवश्यक वजेटको व्यवस्था गर्न सिचाई तथा जलस्रोत व्यवस्थापन आयोजना वुटवललाई अनुरोध गर्ने ।

६. DDMC बाट अनुमोदित आ. व. २०८२/८३ को विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना,२०८२ को छपाईमा आवश्यक सहयोग पुर्याएकोमा नेपाल रेडक्रस सोसाईटी जिल्ला शाखा कपिलवस्तुलाई धन्यवाद ज्ञापन गर्ने । साथै उक्त योजना निर्माणको क्रममा सहयोग पुर्याउनु भएका गै.स.स. महासंघ सुरक्षा निकाय, सरकारी तथा गैर सरकारी संघ/ संस्था, RAIN परियोजना लगायत प्रत्यक्ष/अप्रत्यक्ष सहयोग पुर्याउने सबैलाई समेत धन्यवाद दिंदै छापिएका पुस्तकहरू सरोकारवाला निकायहरूलाई वितरण गर्ने ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी